# माइ नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

फिक्कल, इलाम

१ नं. प्रदेश, नेपाल

**सिलबन्दी दरभाउपत्र आह्वानको सुचना**

प्रथम पटक प्रकाशित भएको मिति २०७६ माघ ०९ गते

यस नगरपालिकालाई आ.व. २०७६/०७७ मा आवश्यक पर्ने तपशीलका सामानहरू खरिद गर्नु पर्ने भएकाले सम्बन्धित कार्यको लागि ईजाजत प्राप्त, मूल्य अभिवृद्धि करमा दर्ता भएका, ईच्छुक फर्म, कम्पनी वा आपूर्तिकर्ताहरूबाट निम्न शर्तहरूको अधिनमा रही सिलबन्दी बोलपत्र आव्हान गरिएको छ।

| सि.नं. | कोटेसन नं. | कामको विवरण | जमानत रकम | संख्या | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| २ | MM/NCB/GOODS/2076/077-2 | Supply and delivery of 50W Solar Home System | 17,000.0 | 31 | 1000 |

शर्तहरु

१. योग्य आपूर्तिकर्ताहरूले दरभाउपत्र सम्बन्धी कागजातहरू सुचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र यस नगरपालिकामा निवेदन पेश गरि प्राप्त गर्न सकिने छ। यस्तो निवेदनको साथमा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व.२०७५/०७६ को कर चुक्ता प्रमाणपत्र प्रतिलिपि, कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपिका साथै रू १००० (रू एक हजार मात्र) पछि फिर्ता नहुने गरि नगरपालिकाको संचित खाता नं. ०५२०१००२००००००५ मा जम्मा गरेको बैंकको सक्कल भौचर सहित स्वयंम उपस्थित भई पेश गर्नु पर्ने छ।

२. शिलबन्दी गरिएको दरभाउपत्र यस गाँउपालिकाको सुचना प्रकाशित मितिले १६ औं दिनको १२:०० बजे भित्र दर्ता गर्नु पर्नेछ। सो समयावधि भन्दा ढिलो गरि दरभाउपत्र स्वीकार गरिने छैन। यसरी दर्ता भएका दरभाउपत्र सोही दिनको २:०० बजे खोलिनेछ।

३. दरभाउपत्रदाताले दरभाउपत्र फारमसाथ माथि उल्लेखित जमानत बापतको रकम सानिमा बैंक लिमिटेड, माई शाखामा रहेको धरौटि खाता नं. ०५२०१००२००००००८ मा जम्मा गरेको बैंक भौचर पेश गर्नु पर्ने छ वा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त "क" वर्गको बैंकले जारि गरेको कम्तिमा ९० दिन म्याद भएको जमानत पत्र(विडवण्ड) शिलबन्दी दरभाउपत्रसाथ संलग्न राखी पेश गर्नुपर्नेछ ।

४. दरभाउपत्र पेश गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको समयमा दरभाउपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ। यस्तो अवश्थामा दरभाउपत्र र दरभाउपत्र जमानतको मान्य अवधि भने साविककै मितिदेखि गणना गरिनेछ।

५. ५० वाटको सोलार होम सिस्टमको जडान गर्न आपुर्तिकर्तालाई सम्झौता पश्चात घरमुलीको नामावली र ठेगाना उपलब्ध गरिईनेछ र सोही अनुसार जडान गर्नु पर्ने छ।

६. सोलार होम सिस्टम सप्लायर्स वा आपुर्तिकर्ता आ. व. २०७६/०७७ मा वैकल्पिक उर्जा प्रवर्धन केन्द्रमा, खुमलटारमा सुचिकृत भएको हुनुपर्ने छ।

७. सोलार होम सिस्टमको हकमा वैकल्पिक उर्जा प्रवर्धन केन्द्रबाट अनुदान स्वीकृत भएमा अनुदान बापतको रकम वैकल्पिक उर्जा प्रवर्धन केन्द्र बाट आपुर्तिकर्ता सयमले भुक्तानी लिनुपर्ने छ ।

८. कुनै वा सवै दरभाउपत्र पत्र पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सर्वाधिकार यस कार्यालयमा निहित रहने छ।

९. शिलबन्दी नगरि प्राप्त भएको वा प्रचलित कानुन बमोजिम रित नपुगेको बोलपत्र स्वीकार गरिने छैन।

१०. रितपुर्वक दर्ता भएका बोलपत्रहरू प्रचलित कानुन बमेजिम तोकिएका प्रतिनिधि वा आपुर्तिकर्ता को रोहवरमा खोलिनेछ। तोकिएको दिन आपुर्तिकर्ता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनो शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

११. यस सुचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ।

१२. थप जानकारीका लागि यस कार्यालयमा वा सूचना अधिकारी श्री क्षेत्रनाथ शर्मा, मो. नं. ९८५२८५११८७ मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

2076/10/13

दिनानाथ लम्साल

प्रमुख प्रशासकीय अधिकृत

दिनानाथ लम्साल

प्रमुख प्रशासकिय अधिकृत